का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक १२९

❒ १९ असार २०७७, शुक्रबार

❒ 3 July 2020, Friday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: बिहीबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | १४५१९ जना | ५३२० जना | २३७७६४ | ९१६८ | ३१ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ८ लाख ५० हजार | ६० लाख ६७ हजार | ५ लाख १९ हजार | ४२ लाख ६२ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# संकट सामुन्ने नेकपा

■दिनभर विभिन्न पक्षबीच भेटवार्ता ■प्रधानमन्त्री निकट नेताहरुले भेटे प्रचण्ड ■राष्ट्रपति र भण्डारीबीच भेटवार्ता, हिउँदे अधिवेशन अकस्मात स्थगित

■अध्यक्ष प्रचण्डद्वारा अध्यादेश नल्याउन र विभाजनतर्फ नजान आग्रह ■प्रधानमन्त्री र इतर समूहको दिनभर छलफल

**प्रधानमन्त्री केपी शर्मा ओलीले स्वयम् आफ्नै दलका नेताहरूलाई समेत नसोधी संसद अधिवेशन अन्त्य गर्ने निर्णय गरेपछि सत्तारूढ नेकपा संकटको सामुन्नेमा उभिएको छ। प्रधानमन्त्री इतरका समूहले यो कदमलाई पार्टी विभाजनको अस्त्रका रूपमा लिएका छन्।**



*नेकपाको स्थायी कमिटी बैठकबारे जानकारी लिन गएका पत्रकारहरूलाई प्रचार विभाग प्रमुख नारायणकाजी श्रेष्ठ र उपप्रमुख सूर्य थापा जानकारी दिदै। दिनभर स्थायी कमिटीका नेताहरू बालुवाटार बसेर फर्किए। तस्वीरः प्रधानमन्त्रीको सचिवालय*

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ असार।

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्रको संघर्ष संकट तर्फ धकेलिएको छ। बिहीबार प्रधानमन्त्री ओलीले पार्टीभित्र नै कुनै राय सुझाव नलिई जारी बर्षे अधिवेशन अन्त्य गरेपछि बालुवाटारमामा बस्दै आएको स्थायी कमिटी बैठक प्रभावित बनेको छ भने नेकपा विभाजनको सामुन्ने देखिएको छ। बिहान पार्टी अध्यक्ष प्रचण्डसँग प्रधानमन्त्री निकट नेताहरु खुमलटार पुगेका थिए।

तर, ती नेताहरुको आग्रह प्रचण्डले अस्वीकार गरेपछि प्रधानमन्त्री ओली स्थायी कमिटी बैठक नबसी शितलनिवास पुगेका थिए। लगत्तै आकस्मिक मन्त्रिपरिषद बैठक बसेर हिउँदे अधिवेशन अन्त्य भएको छ। त्यस लगत्तै पार्टी विभाजन सम्बन्धी अध्यादेश ल्याउन तयार भएपछि प्रचण्ड यसलाई रोक्न सक्रिय भएका थिए। तर, प्रधानमन्त्री ओलीले कुनै पनि पद नछोड्ने बरु पार्टी बिभाजन गर्ने अवस्थामा पुगेका छन्।

### दिनभर छलफल

पछिल्ला घटनाक्रम बीच बिहीबार बसेको पार्टीको स्थायी कमिटीको बैठकमा सरकार र पार्टीको समन्वय अभावमा एकता गम्भीर संकटतर्फ धकेलिएपछि दिभर नेताहरु विभिन्न भेटवार्तामा जुटेका छन्।

बिहान ११ बजेका लागि प्रधानमन्त्री निवास बालुवाटारमा तोकिएको स्थायी कमिटी बैठक बस्ने तयारी भएका बेला मध्याह्न १२ बजे मन्त्रिपरिषद्को बैठक पनि डाकिएपछि बिहान प्रधानमन्त्री एवं अध्यक्ष केपी शर्मा ओली र अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' बीचको टेलिफोन कुराकानीमा अध्यक्ष दाहालले स्थायी कमिटीको बैठकलाई निरन्तरता दिन र तत्काल मन्त्रिपरिषद्को बैठक नराख्न आग्रह गरे। प्रधानमन्त्री ओलीले संघीय संसद्को चालू अधिवेशन अन्त्यको सिफारिसका लागि मन्त्रिपरिषद् बैठक बस्न लागेको जानकारी दिएपछि अध्यक्ष प्रचण्डडले अधिवेशन अन्त्य गराउन नहुनेमा जोड दिए।

स्थायी कमिटीको बैठक शुरु भई अघिल्ला दिन चल्दै आएका विषयवस्तुमा अमृतकुमार बोहरा र केशव बडालले धारणा राखेपछि मन्त्रिपरिषद् बैठक हुने समय भएकाले सो बैठकमा मन्त्री रहेका स्थायी कमिटीका सदस्यहरु बताए। केहीबेरमै बाँकी पृष्ठ २ मा

## अधिवेशन अन्त्य



**काठमाडौं/मस-** संघीय संसद भवन नयाँ बानेश्वरमा बिहीबार राष्ट्रियसभाको दोस्रो बैठकमा सहभागी मन्त्रिगण तथा सांसद। तस्वीरः चन्द्रकला क्षेत्री, रासस

मन्त्रिपरिषदको आकस्मिक बैठक राखेर सरकारले सिफारिस गरेको दुई घण्टा नबित्दै राष्ट्रपति विद्यादेवी भण्डारीले संघीय संसद्को चालु अधिवेशन अन्त्य गरेकी छन्। राष्ट्रियसभामा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले राष्ट्रपति भण्डारीबाट प्राप्त चालु संसद्को अधिवेशनको अन्त्य सम्बन्धी पत्र पढेर सुनाए।

अध्यक्ष तिमिल्सिनाले पत्रमा उल्लेख भएअनुसार नेपालको संविधानको धारा ९३ को उपधारा २ बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिसमा संघीय संसद्को दुवै सदनको चालु अधिवेशन बिहीबार अपराह्न ५ बजेदेखि अन्त्य भएको सभासमक्ष जानकारी गराए। हथात् संसद अधिवेशन अन्त्य गर्ने निर्णय प्रति विपक्षी दल नेपाली काँग्रेस र जनता समाजवादी पार्टीले भने आपत्ति जनाएका छन्।

संसद्को छैटौं अधिवेशन अवधिमा राष्ट्रियसभाबाट सम्पादन गरिएका मुख्यमुख्य काम कारवाहीको बारेमा संक्षिप्त विवरण सभासमक्ष जानकारी गराउँदै अध्यक्ष तिमिल्सिनाले २०७७ साल वैशाख २६ देखि असार १८ सम्मको ३१ दिनमा ३५ बैठक बसेको र ६० घण्टा ५० मिनेट सभा सञ्चालन भएको जानकारी दिए।

यसबीच विभिन्न विधेयक पारित भएका छन्। प्रतिनिधिसभाबाट सन्देशसहित यस सभाबाट पारित गरी केही विधेयक फिर्ता भएका छन् भने केही विधेयक विधायन व्यवस्थापन समितिमा छलफलका लागि पठाइएको छ। उक्त अवधिमा राष्ट्रिय बाँकी पृष्ठ २ मा

# पुनः श्रम स्वीकृति खुल्यो
# नयाँका लागि निर्णय हुन बाँकी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ असार

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारमा जाने कामदार हरुलाई श्रम स्वीकृति दिन शुरु गरेको छ। कोरोना रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिले गत वर्ष फागुन २९ गते वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति अनिश्चितकालका लागि स्थगन गर्ने निर्णय गरेको थियो। रेमिट्यान्सको आप्रवाह घट्न थालेपछि यही असार १५ गते बसेको मन्त्रिपरिषद् बैठकले वैदेशिक रोजगारीलाई खुला गर्ने निर्णय गरेको हो।

कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सीसीएमसी)ले गत असार ७ गते विदामा नेपाल आएकासहित नयाँ रोजगारीमा जाने कामदारलाई श्रम स्वीकृति दिने निर्णय गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई अख्तियारी प्रदान गरिको थियो।

सोही अख्तियारी अन्तर्गत मन्त्रालयले बिहीबार वैदेशिक रोजगार विभागलाई विदामा घर आएका कामदारहरुलाई श्रम स्वीकृति प्रदान गर्न पत्राचार गरेको छ। मन्त्रालयले विदामा नेपाल आएका र करार अवधि बाँकी रही रोजगारीमा जान नपाएका कामदारहरुलाई मात्र स्वास्थ्य सम्बन्धी प्रोटोकलको पालना गरी श्रम स्वीकृति दिन भनेको हो।

विभागले संस्थागत, व्यक्तिगत नयाँ, वैधानिकिरण, व्यक्तिगत रिइन्ट्री गरी चार प्रकारका श्रम स्वीकृति जारी गर्ने गरेको छ। त्यसमध्ये व्यक्तिगत वा संस्थागतरुपमा वैदेशिक रोजगारीमा गई विदामा घर आएकाहरुलाई मात्र पुनः श्रम स्वीकृति दिइने विभागका महानिर्देशक कुमार दाहालले जानकारी दिए।

वैदेशिक रोजगारीमा जाने कामदारले श्रम स्वीकृतिका लागि आवेदन गर्दा कोभिड-१९ नेगेटिभ रहेको प्रमाणपत्र पेश गर्नुपर्ने छ। स्वास्थ्य परीक्षण खर्च कामदार आफैंले व्यहोर्नु पर्ने छ।

कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सीसीएमसी)ले गत असार ७ गतेको निर्णयमा परिस्थिति हेरेर नयाँ रोजगारीमा जाने नेपाली कामदारहरुलाई पनि श्रम स्वीकृति दिन मन्त्रालयलाई अख्तियारी दिएको थियो। तर, मन्त्रालय श्रोतले नयाँ कामदारहरुलाई रोजगारीमा जाने गरी श्रम स्वीकृति दिने निर्णय गर्न बाँकी रहेको बतायो।

श्रम स्वीकृति दिने मन्त्रालयको निर्देशन विभागले बिहीबारदेखि नै कार्यान्वयन गरेको छ। वैदेशिक रोजगार कार्यालय ताहाचलका प्रमुख उमेश बस्नतेले बिहीबारदेखि नै ताहाचलमा काम शुरु गरेको जानकारी दिँदै वैदेशिक रोजगार हेर्ने सबै श्रम कार्यालयहरुमा आगामी आइतबारदेखि श्रम बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## जिट्को लाइसेन्स नवीकरण खुल्यो

काठमाडौं/मस- वैदेशिक रोजगार विभागले जापान ईन्टरनेशनल ट्रेनिङ कोअपरेशन अर्गनाइजेसन (जिट्को) अन्तर्गत नेपाली प्रशिक्षार्थी कामदार पठाउन सूचीकृत म्यानपावर कम्पनीहरुलाई लाइसेन्स नवीकरण गर्न सूचना सार्वजनिक गरेको छ। विभागले बिहीबार एक सूचना प्रकाशित गर्दै जिट्कोमा सूचीकृत म्यानपावर कम्पनीहरुले जुलाई ३१ अर्थात साउन १६ गतेभित्र निवेदन दिइसक्नुपर्ने बताएको छ।

नवीकरण हुन चाहने म्यानपावर कम्पनीहरुले निवेदनकासाथमा नवीकरण दस्तुरबापत बुझाएको रसिद, अघिल्लो नवीकरण मिति खुलेको सूचीकरण प्रमाणपत्रको प्रतिलिपि, जिट्को मार्फत गत आर्थिक वर्ष २०७५/०७६ मा कामदार पठाएको विवरण, आगामी आर्थिक वर्ष २०७८/०७९ वा सो भन्दा अगाडिका आर्थिक वर्षका लागि नवीकरण भएको प्रमाणपत्र, बैंक ग्यारेन्टी र नगद धरौटी, कर चुक्ता प्रमाणपत्र म्यानपावर कम्पनी रजिष्ट्रारको कार्यालयमा गत आर्थिक बाँकी पृष्ठ २ मा

# संक्रमणबाट शिशुको निधन

## मृतक संख्या ३१ पुग्यो, संक्रमित १४ जार ५१९

**कोभिड-१९ को संक्रमणबाट ४९ दिनको शिशुको निधन भएको छ। यो सँगै नेपालमा संक्रमणबाट मृत्यु हुनेको संख्या ३१ पुगेको छ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ असार।

नेपालमा थप ४७३ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्वारा आज यहाँ आयोजित नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले पछिल्लो २४ घण्टामा देशभरिका विभिन्न प्रयोगशालामा गरिएको परीक्षणका क्रममा ३६४ पुरुष र १०९ महिला गरी कुल ४७३ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको जानकारी दिए।

यो सँगै संक्रमितको संख्या १४ हजार ५१९ पुगेको छ। ती मध्ये एक हजार ८८३ महिला र १२ हजार ६३६ पुरुष छन्। प्रवक्ता डा गौतमका अनुसार अहिलेसम्म पाँच हजार ३२० जना उपचारपछि निको भएर घर फर्किएका छन्।



*प्रादेशिक अस्पताल जनकपुरधामको आइसोलेसन कक्षमा मृत्यु भएका राजु सदाको न्यायको माग गर्दै प्रदर्शन। तस्वीरः हिमाँशु चौधरी*

पछिल्लो २४ घण्टामा ६६४ जना उपचारपछि घर फर्किएका हुन्। पछिल्लो २४ घण्टामा पीसीआर विधिबाट चार हजार ५३७ जनाको परीक्षण भएको छ।

### ■शिशुको मृत्यु

कोरोना भाइरस संक्रमणबाट बिहीबार एक शिशुको मृत्यु भएको छ। म्याग्दी जिल्ला धवलागिरि नगरपालिका-४ स्थायी बसोबास भएको ४९ दिनको ती शिशुको बुधबार साँझ त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा उपचारका क्रममा मृत्यु भएको हो।

लामो समयदेखि स्वास्थ्यमा समस्या भएपछि ती शिशुलाई यही असार ९ गते बाँकी पृष्ठ २ मा

# सुदूरपश्चिममा बढेन कोरोना परीक्षणको दायरा

**भीमदत्तनगर/रासस–** सुदूरपश्चिम प्रदेश सरकारले हालसम्म कोरोना परीक्षणका लागि पीसीआर र आरडीटी 'कीट' खरिदका लागि रु १ करोड ३४ लाख ८ हजार खर्च गरेको छ। केही दिनअघि प्रदेश सरकारले कोरोना रोकथाम, उपचार र व्यवस्थापनमा रु ५८ करोड ४८ लाख खर्च गरेको विवरण सार्वजनिक गरेको थियो। प्रदेश सरकारले कोरोनाको परीक्षण दायरा बढाउनका लागि आवश्यक मेसिन तथा परीक्षण कीट खरिदमा भने ठोस पहल र खर्च गरेको देखिँदैन्।

प्रदेश स्वास्थ्य आपूर्ती व्यवस्थापन केन्द्रले दिएको जानकारी अनुसार पीसीआर विधिबाट परीक्षणका लागि प्रदेश सरकारले दुई हजार चार सय थान कीट खरिद गरेको छ। टेण्डर प्रक्रिया मार्फत पीसीआरका लागि प्रतिकिट रु चार हजार ५ सयका दरले खरिद गरिएको हो।

'दुई हजार चार सय किटमा रु एक करोड ८ लाख खर्च भएको देखिन्छ,' केन्द्रका जनस्वास्थ्य निरीक्षक लक्ष्मीकुमार श्रेष्ठ भने, 'केन्द्रका स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र नेपाली सेनाबाट प्राप्त कीट प्रदेश जनस्वास्थ्य प्रयोगशाला र सोझै यहाँ सञ्चालनमा रहेको प्रयोगशालामा उपलब्ध भएको हो।'



त्यसैगरी प्रदेश सरकारले आरडिटि विधिबाट कोरोना परीक्षणका लागि हालसम्म सुदूरपश्चिममा १ लाख ७४९२ थान 'टेष्ट कीट' खर्च भएको आपूर्ती व्यवस्थापन केन्द्र धनगढीले जनाएको छ। ती ८० हजार १५० थान केन्द्रबाट उपलब्ध हुनुका साथै प्रदेश सरकारले २४ हजार ७ सय कीट खरिद गरेको हो। 'आरडिटि कीट खरिदमा अहिलेसम्म रु २६ लाख ३८ हजार खर्च भएको देखिन्छ,' उनले भने, 'आरडिटि टेष्ट कीट प्रति थान रु ९५० परेको छ।'

त्यसैगरी यहाँका स्थानीय तहरुले पनि आरडीटी परीक्षणका लागि कीट खरिद गरेर परीक्षण गरिरहेका छन्। 'पालिकाहरुको तथ्याङक यहाँ आइपुगेको छैन,' उनले भने, 'पालिकाहरुले पनि स्वास्थ्यकर्मी खटाएर आरडीटी परीक्षण दायरा बढाएका छन्।' यहाँको प्रदेश सरकारले डोटी र बैतडीमा समेत पीसीआर मेसिन जडान गरेर परीक्षणको दायरा बढाउने भनेपनि जडानको गति भने सुस्त छ। तीन स्थानका लागि प्रयोगशालाको सामान धनगढी आउने क्रम जारी रहेको निर्देशनालयको भनाइ छ।

हाल धनगढीको पशुपंक्षी अन्वेषण केन्द्रमा सञ्चालनमा रहेको पीसीआर प्रयोगशालामा दैनिक बढीमा २५० जनाको मात्रै परीक्षण हुने गरेको प्रयोगशालाका प्रमुख रमेश शाहीले बताए। उनले प्रयोगशालामा हाल ५ हजार थान परीक्षणका लागि कीट मौज्दात रहेको जानकारी दिए।

प्रदेशमा सञ्चालनमा रहेको एकमात्रै प्रयोगशालाले हालसम्म दश हजार बढीको कोरोना परीक्षण गरेको छ। यहाँ परीक्षणको चाप बढेपछि केन्द्रीय जनस्वास्थ्य प्रयोगशाला टेकू स्वाब परीक्षणका लागि पठाउने गरिएको छ। बुधबार साझँसम्म सुदूरपश्चिममा दुई हजार ६११ जनामा कोरोनाको संक्रमण देखिएको छ।

यहाँ हालसम्म पीसीआर विधिबाट १८ हजार ८७५ जनाको कोरोना परीक्षण गरिएको छ, भने आरडीटी विधिबाट हालसम्म १ लाख १३ हजार १८४ जनाको परीक्षण गरिएको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ। सुदूरपश्चिममा हालसम्म ४९५ जना कोरोना संक्रमणबाट निको भएर घर फर्किसकेका छन। त्यसैगरी यहाँ पीसीआर विधिबाट परीक्षणका लागि लिइएको ५ हजार ९६ जनाको रिपोर्ट आउन बाँकी रहेको छ।

# खुकुलो बन्दाबन्दीबीच रातो मच्छिन्द्रनाथ जात्राको तयारी

**काठमाडौं/रासस–** काठमाडौं उपत्यकामा बन्दाबन्दी केही खुकुलो भएसँगै कोभिड-१९ को जोखिम कम गर्न स्वास्थ्य सावधानी अपनाउनुका साथै भीडभाड पनि कम गरेर उपत्यकामा वर्षा र सहकालका देवता रातो मच्छिन्द्रनाथको जात्रा मनाउने तयारी गरिएको छ।

बन्दाबन्दीका कारण सञ्चालन हुन नसकेको जात्रा सञ्चालनका लागि रथ निर्माणको काम शुरु भएसँगै पाटन क्षेत्रमा रौनक शुरु भएको छ। पहिलेका वर्षजस्तै सहज नभए पनि रोकिएको जात्रा शुरु हुन लाग्दा यहाँका स्थानीयवासी भने खुशी देखिएका छन्। गुठी संस्थान ललितपुर शाखाले पनि आवश्यक सावधानीसहित जात्राको तयारी गर्न थालेको छ।

वर्षा र सहकालका देवता मानिने रातो मच्छिन्द्रनाथको जात्रा यस वर्ष रोक्नुहुन्न भन्दै पाटनवासीले पटकपटक गुठीलाई घच्घच्याइरहेका थिए। अहिले रथ निर्माण गरेर जात्रा सञ्चालन गर्न यहाँका धार्मिक सङ्घसंस्था, भक्तजन र पुजारी पनि लागिपरेका छन्।

गुठी संस्थान ललितपुर शाखाले बन्दाबन्दी पहिले नै रथ निर्माणका लागि आवश्यक सामग्रीको जोहो गरिसकेको थियो। त्यही सामग्रीबाट अहिले सामाजिक दूरी कायम गरी यही असार १० बाट रथ निर्माणको काम थालिएको शाखाका प्रमुख राजन भुजुले बताए। उनले भने, 'ललितपुर महानगरपालिका, ज्यापु समाज, रथ निर्माणसँग सम्बन्धित व्यक्ति, धार्मिक सङ्घसंस्था र मच्छिन्द्रनाथका पुजारीले पटकपटक आग्रह गरेपछि यस कामलाई अघि बढाएका हौं।'

रथ निर्माणमा संलग्न हुने व्यक्ति र समुदायको स्वास्थ्यमा ध्यान राखिएको उनले बताए। अहिले मिननाथको रथ निर्माणका लागि धमा बनाउने काम भइरहेको छ। उनले भने, 'एकादशीको दिनबाट मीननाथको रथ निर्माण कार्य शुरु भइसकेको छ।'

वैशाख शुक्ल प्रतिपदाका दिनमा रथारोहण गर्नुपर्ने भए पनि सो दिन गर्न नसकिएकाले राम्रो दिन हेरेर रथारोहण गर्न लागिएको ज्योतिष दैवज्ञ कीर्तिमदन जोशीले बताए। गत १० गते रथ बनाउन लागिएकामा दुई सातामा सकिएपछि यही असार २४ गते रथारोहण गर्ने तयारी गरिएको छ। साइत गइसकेकाले पनि विधिपूर्वक अर्को साइत हेर्नेभन्दा पनि राम्रो दिनमा गर्न लागिएको हो। जात्राका अवधिमा विधिपूर्वक मङ्गलबजार स्थित सोह्रखुट्टे पाटीमा बसेर साइत हेरिन्छ। यो पटक त्यसरी हेर्नु नपर्ने उनको भनाइ छ। जात्राका विधि पुऱ्याएर तथा भीड कम गरेर सम्पन्न गर्न सकिने उनले बताए। उनले भने, 'यो समयमा भीड गर्न नहुने भएकाले रथ तान्न वा अरु विधिमा चाहिने मात्रै भएर गर्न सकिन्छ।'

बन्दाबन्दी खुकुलो भएपछि जात्रा चलाउने योजना अघि बढाएको महानगरपालिका प्रमुख चिरीबाबु महर्जनले बताए। जात्राको तयारीमा लाग्ने व्यक्तिको स्वास्थ्यलाई ख्याल गरिएको उनले बताए। उनले भने, 'हामीले उहाँहरुलाई आवश्यक मास्क र स्यानिटाइजर प्रदान गरिरहेका छौं, कोभिड-१९ बाट बच्ने स्वास्थ्य मापदण्ड पालना गर्न भनिरहेका छौं।'

# फेसबुकमा लाइभ गरेर आत्महत्या

**काठमाडौं/मस-** दाङमा एक युवतीले सामाजिक सञ्जाल फेसबुकमा लाइभ गरेर आत्महत्या गरेकी छिन्। तुलसीपुर उपमहानगरपालिका पाँच रानीजरुवा कि २३ वर्षीया युवतीले गएराति फेसबुक लाइभ गर्दै आत्महत्या गरेको प्रहरीले जानकारी दिएको छ।

सो जानकारी आउने वितिक्कै प्रहरीले युवतीको खोजी सुरु गरेको थियो। घर पुग्दा उनको मृत्यु भैसकेको इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रहरी प्रमुख डिएसपी शिवबहादुर सिंहले जानकारी दिए।

ति युवती केही समयदेखि माइतीमा बस्दै आएको बताइएको छ। माइतीका बुवा आमा सबै भारतमा काम गर्न गएकाले उनी घरमा एक्लै रहेको प्रहरीले जनाएको छ। घटनाबारे अनुसन्धान भैरहेको प्रहरीले जानकारी दिएको छ।

## संकट...

मन्त्रिपरिषद् सम्पन्न भई संसद्को चालू अधिवेशन अन्त्यका लागि सिफारिस गरिएको जानकारी आएपछि बैठकमा सो विषय उठेपछि छलफल अघि बढ्न सकेन। स्थायी कमिटी बैठक रोकेर प्रधानमन्त्री ओलीसँग अध्यक्ष दाहाल र महासचिव विष्णु पौडेल छलफलमा जुटे।

त्यहीबीचमा अध्यक्ष दाहालले सचिवालय सदस्य र अन्य सदस्यका बीचमा सामूहिक र व्यक्तिगत छलफल गरे। सरकारले राजनीतिक दलसम्बन्धी अध्यादेश पुनः ल्याउने हो कि भन्ने चर्चा चलेको सन्दर्भमा अध्यक्ष दाहाल राष्ट्रपति विद्यादेवी भण्डारीलाई भेट्न शीतल निवास पुगेर स्थितिका बारेमा जानकारी गराए।

नेकपाका प्रवक्ता नारायणकाजी श्रेष्ठका अनुसार दुई अध्यक्षबीच बिहानको समझदारीविपरीत मन्त्रिपरिषद्को बैठक भएको र संसद् अधिवेशनको अन्त्यको विषय तथा अध्यादेश ल्याउने तयारीका सम्बन्धमा अध्यक्ष दाहालले प्रधानमन्त्री ओलीसँग असन्तुष्टि व्यक्त गर्नुभएको थियो। जवाफमा प्रधानमन्त्री ओलीले तत्काल अध्यादेश ल्याउने योजना नरहेको सुनाए।

शीतल निवासबाट फर्केपछि दिउँसो ४:३० बजे भएको स्थायी कमिटीको बैठकमा अध्यक्ष दाहालले ती विषयमा जानकारी गराउँदै अर्को बैठक यही असार २० गतेका लागि तोके। कार्यव्यस्तताका कारण प्रधानमन्त्री ओली आजको पार्टीको बैठकमा उपस्थित भए।

प्रवक्ता श्रेष्ठले भने, "यस्तो नहनुपर्ने हो। यसले गर्दा पार्टी एकता नै गम्भीर सङ्कटको मोडमा पुग्न लागेको त होइन ? भन्ने चिन्ता पैदा भएकाले पार्टी एकतालाई हरहालतमा रक्षा र सुदृढ तुल्याउनुपर्छ भन्ने स्थायी कमिटीका सदस्यहरुको जोड रहेको छ।"

पार्टी एकताका संकट भनेको के हो ? भन्ने प्रश्नमा उनको जवाफ थियो, "समाचारको सबै भाषा मैले नै मिलाइदिनुपर्ने ? संकट भनेपछि बुझ्नुस् न। पार्टीलाई यो संकटबाट बचाउनुपर्छ। हामी सबैले प्रयत्न गर्नुपर्छ।" नेताहरुबीच अनौपचारिक छलफल र सहमतिको प्रयासका लागि शुक्रबारका बैठक नराखी शनिबार ११ बजे तोकिएको छ।

## अधिवेशन...

खेलकुद विधेयक २०७५, नेपाल विशेष सेवा विधेयक २०७६, नीति अनुसन्धान प्रतिष्ठान विधेयक २०७६, विरुवा संरक्षण (पहिलो संशोधन) विधेयक २०७५, बीउविजन ९दोस्रो संशोधन० विधेयक २०७५, नेपालको संविधान ९दोस्रो संशोधन० विधेयक २०७७, विनियोजन विधेयक २०७७, आर्थिक विधेयक २०७७ सभाबाट पारित भएको छ।

राष्ट्र ऋण उठाउने विधेयक २०७७, ऋण तथा जमानत ९चौबिसौँ संशोधन० विधेयक २०७७, र केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक २०७७ लाई राष्ट्रिय सभाबाट पारित गरिएको बताउनुभयो।

संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक २०७७ र नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक २०७६ सहित १३ वटा विधेयक राष्ट्रियसभाबाट पारित गरिएको छ।

## पुनः...

स्वीकृति दिने प्रक्रिया शुरु गर्ने तयारी भएको जानकारी दिए।

सरकारले कोरोना संक्रमणका कारण श्रम स्वीकृति बन्द गरेपछि विगत साढे तीन महिनाको अवधिमा जापान र दक्षिण कोरियामा सिमित युवाहरुबाहेक वैदेशिक रोजगारीमा नेपाली युवा युवती जान पाएका छैनन्।

नेपाली कामदार जाने खाडी तथा मलेसियाका प्रमुख गन्तव्यहरुमा कडा स्वास्थ्य सुरक्षा अपनाएर काम शुरु गरिएको छ। कतिपय देशमा नयाँ कामदारको अभाव रहेका समाचार आइरहेका छन्। नेपालभन्दा रोजगारदाता मुलुकको अवस्था जनस्वास्थ्यका दृष्टिले राम्रो अवस्थामा रहेको भन्दै केही वैदेशिक रोजगार व्यवसायीहरुले श्रम स्वीकृति बन्द गरेर बस्नुभन्दा सबै प्रकारका श्रम स्वीकृति खोल्नु बुद्धिमानी हुने टिप्पणी गर्दै आएका छन्।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले श्रम स्वीकृति बन्द र लकडाउनका कारण अन्तर्राष्ट्रिय उडान प्रतिवन्धले भिसा पाई विभागबाट श्रम स्वीकृति समेत प्राप्त गरेका १ लाख १५ हजार कामदार विदेश जान नपाएको र पूर्व स्वीकृति प्राप्त गरेका ३ लाख २८ हजार ६ सय ८१ जना कामदारको अन्तिम श्रम स्वीकृति पाउन बाँकी रहको बताएको छ।

तर नेपाल सरकारले साउन ७ गतेसम्म व्यवसायिक अन्तर्राष्ट्रिय उडान बन्द गरेको छ। यसले श्रम स्वीकृति पाउने कामदार विदेशमा अलपत्र परेका नेपाली लिन जाने वा उनीहरुलाई छोड्न नेपाल आउने जहाजमा अनपेक्षित रुपमा महंगो भाडा तिरेर जानुपर्ने बाध्यता रहेको छ।

## जिट्को ...

वर्षसम्म अध्यावधिक भएको वा प्रक्रिया शुरु भएको प्रमाणित हुने कागजात पेश गर्न भनेको छ।

म्यानपावर कम्पनीले प्रशिक्षार्थी कामदार जापान पठाउन पाउने भएपछि करिब साढे दुई सय म्यावापर कम्पनी सूचीकृत भएका थिए। विभागमा सूचीकरण हुने तर जापानमा कामदार पठाउन नपाउने भएपछि धेरै म्यानपावर कम्पनीहरुले जिट्को तर्फको लाइसेन्स नवीकरण गराउन छोड्दै आएका छन्।

## संक्रमणबाट ...

ती अस्पतालमा भर्ना गरिएको थियो। उनीसँगै कोरोना भाइरस संक्रमणबाट मृत्यु हुनेको संख्या ३१ पुगेको छ।

काठमाडौं उपत्यकामा थप ३२ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। प्रवक्ता गौतमका अनुसार पछिल्लो २४ घण्टामा काठमाडौंमा २८, भक्तपुरमा दुई र ललितपुरमा दुई गरी ३२ जनामा कोरोना संक्रमण पुष्टि भएको हो।

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा गरिएको परीक्षणमा काठमाडौंका १७ महिला र ११ पुरुषमा कोरोना संक्रमण पुष्टि भएको हो। त्यस्तै भक्तपुरका दुई पुरुष र ललितपुरका एक पुरुषमा कोरोना संक्रमण पुष्टि भएको छ। शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमामा गरिएको परीक्षणमा ललितपुरका एक जनामा कोरोना संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ।

# 'संविधानको मूल मर्मअनुरुप नै निजामती विधेयक आउँछ'

**काठमाडौं/मस–** सभामुख अग्निप्रसाद सापकोटाले संविधानको मूल मर्म र भावनाअनुरूप संघीय निजामती सेवाको विधेयक आउने बताएका छन्। निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनका पदाधिकारीहरूसँगको भेटका क्रममा बिहीबार सभामुख सापकोटाले संविधानको मर्म र भावनाअनुरूप नै निजामती विधेयक आउने बताए।



ट्रेड युनियनले 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'मा ट्रेड युनियनलाई ध्वस्त पार्ने व्यवस्था गरिएको भन्दै सभामुख सापकोटालाई भेट गरी ज्ञापनपत्र बुझाएका छन्। ज्ञापनपत्र बुझ्दै सभामुख सापकोटाले विधेयकका सम्बन्धमा आफूले अध्ययन गरिराखेको र मन्त्रीसँग पनि छलफल गरी संविधानको मर्मअनुरूप अगाडि बढ्ने बताए। उनले संविधानको मर्म र भावनाअनुरूप विधेयकको विकास गर्न आफूले अधिकतम प्रयत्न गर्नेसमेत बताए।

भेटमा ट्रेड युनियनका पदाधिकारीहरूले विधेयकमा राष्ट्रिय स्तरका ट्रेड युनियनहरू नै नरहने गरी संसदको राज्य व्यवस्था तथा सुशासन समितिबाट विधेयक पारित भइसकेको भन्दै त्यसलाई रोक्न माग गरेका हुन्।

उनीहरूले मौजुदा निजामती सेवा ऐन २०४९ मा भएको व्यवस्थाबमोजिमै संशोधित विधेयकमा व्यवस्था गर्नुपर्ने मागसमेत गरेका छन्। 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' संघीय संसद प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले दफावार छलफल गरी बहुमतले पारित गरिसकेको छ।

# लायन्स क्लब अफ कुईन्स बुद्धको नयाँ नेतृत्व चयन

**न्यूयार्क, अमेरिका/मस–** अमेरिकामा नेपालीहरूको बाक्लो बस्ती रहेको न्यूयोर्कमा समाजसेवा सक्रिय संस्था लायन्स क्लब अफ कुईन्स बुद्धले आफ्नो नयाँ नेतृत्व चयन गरेको छ। क्लवले लायन रिमाया नेपालीको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको हो। सो कार्यसमितिको प्रथम उपाध्यक्षमा बुद्ध पौडेल, द्वितीय उपाध्यक्षमा खड्गबहादुर पुलामी, तृतीय उपाध्यक्षमा चन्द्र नेपाली, सचिवमा शिवजी खड्का र कोषाध्यक्षमा सोनु मल्ल चयन भएका छन् भने मेम्बरसिप प्रमुखमा सोफिया अधिकारी निर्वाचित भएकी छन्।




नव निर्वाचित अध्यक्ष नेपाली र उनको नेतृत्वको सम्पूर्ण टिम (२०२०-२०२१) ले नेपाली समुदायको हितमा नयाँ कार्यकालसँगै नयाँ शिरावाट उमंगकासाथ काम गर्ने गरी अगाडि बढ्ने आशा सम्पूर्ण क्लव सदस्यको रहेको बताइएको छ। नेपालमा विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी सामाजिक संस्थाहरूमा लामो अनुभव संगालेकी नेपालीले क्लवलाई नयाँ ऊचाईमा पुऱ्याउने र लायन्स क्लव अफ कुईन्स बुद्ध नेपाली समुदायको साथ हातेमालो गर्दै आफ्ना कार्यक्रम अगाडि बढाउने काम गर्ने पनि स्थानीय लायनहरुले आशा गरेका छन्।

'हामी संवा गर्छौं' भन्ने मूल उद्देश्यका सन् १९१७ मा अमेरिकाको सिकागोमा स्थापना भएको लायन्स इन्टरनेशनलले २०१७ मा आफ्नो १०० वर्ष सेन्टेनियल मनायो ! विश्वभरी १.४ मिलियन सदस्यहरू छन् भने चालिस हजार भन्दा वढी क्लवहरू मानविय र सामाजिक सेवाको कार्यमा विश्व भरी सक्रिय छन्। लायन्स इन्टरनेशनलले अहिले मुख्य गरी मधुमेह, वातावरण, भोकमरी, दृष्टि र बच्चामा हुने क्यान्सरमा संसारभरी नै काम गरिराखेको छ।

नेपालीहरूको बाक्लो बस्ति रहेको न्युयोर्कमा लायन्स क्लब अफ कुईन्स बुद्ध पहिलो लायन्स क्लव २०१६ सालमा स्थापना भई न्यूयोर्कमा सामाजिक कार्यमा सक्रिय रहेको लाईन्स क्लब हो। यस क्लबले आफ्नो स्थापना कालदेखि अहिलेसम्म नेपालदेखि न्यूयोर्कमा विभिन्न किसिमको उदाहरणीय सामाजिक कार्यहरू गर्दै आएको छ।

तत्कालिन अध्यक्ष कृष्ण आचार्यको नेतृत्वमा स्थापना भएको सो क्लवको दोस्रो कार्यकाल बेगम पंडित (२०१९) को नेतृत्वको रह्यो भने गत वर्ष अध्यक्ष लायन अर्जुन गौडेलको टिमले आफ्नो कार्यकाल (२०१९-२०२०) सफलतापूर्वक सम्पन्न गऱ्यो।

# प्रवासी मञ्चद्वारा रक्तदान कार्यक्रम

**न्यूयोर्क/मस–** संसारलाई त्रस्त बनाइ रहेको कोरोना महामारीको प्रकोप कतै घट्दै र कतै बढ्दै रहेको अवास्थामा अमेरिकामा कार्यरत संस्था प्रवासी नेपाली एकता मञ्चले न्यूयोर्क र टेक्सासको डयालासमा एकै दिन रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। दुई राज्यमा भएको रक्तदानमध्ये न्यूयोर्क शहरको उडसाइडस्थित सत्यनारायण मन्दिरमा रक्तदान गर्न उपस्थितमध्ये ९१ जनाले रक्तदान गरेका थिए। न्संस्थाका केन्द्रिय सदस्य तथा सक्रिय समाजसेवी कृष्ण आचार्यको संयोजनमा भएको सो कार्यक्रममा संस्थाका अध्यक्ष टेक गुरुङ, महासचिव शंकर पन्तसमेतको उपस्थिति रहेको थियो भने कार्यक्रममा संस्थाका अधिकांशले रक्तदान गरेका थिए।




कार्यक्रममा न्यूयोर्क राज्यकी राज्यसभा सदस्य क्याटलिना क्रुज स्वयं सहभागी भएर रक्तदाताहरुलाई धन्यवाद ज्ञापन गरेकी थिइन् भने जनसम्पर्क समितिका सभापति आनन्द विष्ट, एनआरएन अमेरिकाका उपाध्यक्ष बिआर लामा, आदिवासी जनजाति महासंघका अध्यक्ष लोक चेम्जोङ, ब्लड डोनर्स एसोसियसन अमेरिकाका अध्यक्ष अर्जुन मैनाली, शेर्पा केंदुङका अध्यक्ष उर्गेन शेर्पा, तामाङ्ग संघ अमेरिकाका अध्यक्ष एवं न्यूयोर्कका सामाजसेवी लक्यान लामा, ब्लड डोनोर्स अमेरिकाम् सकृय एवं गैरआवासीय नेपाली संघका अग्रज संजिव श्रेष्ठ, शेर्पा संघ अमेरिकाका अध्यक्ष निमा शेर्पा, द गुरुङ (तमु) सोसाइटीका अध्यक्ष विजय गुरुङ, मगर संघ अमेरिकाका अध्यक्ष कुलदिप राना मगर, युनाईटेड किरात राई अर्गनाइजेशन अफ अमेरिकाका अध्यक्ष मुना राई गुरुङ, एनआरएन न्यूयोर्क च्याप्टरका अध्यक्ष रामहरी अधिकारीसहित पत्रकारहरु आङछिरिङ शेर्पा, अकुर लुईँटेललगायत बिभिन्न सामाजिक व्यक्तित्वहरुले रक्तदान गर्दै रक्तदान कार्यक्रम आयोजनाको निम्ति प्रवासी नेपाली एकता मंच अमेरिकाको प्रसंशा गरेका थिए।

उता न्यूयोर्क जस्तो धेरैले एकै पटक भेला भएर रक्तदान गर्न र संकलन गर्न खुल्ला नभएको टेक्सासमा भने १७ जनाले रक्तदान गरेका थिए। टेक्सासमा संस्थाका केन्द्रिय सदस्य, इन्द्रेणी सांस्कृतिक संघका अध्यक्ष समाजसेवी सुशील क्षेत्रीले कार्यक्रमको संयोजन गरेका थिए। यस्तै टेक्सासमा संस्थाका वरिष्ठ नेता समाजसेवी भिम कार्की, कोषाध्यक्ष युवराज खनालसहितले रक्तदान गरेका थिए।

दुवै तर्फको रक्तदान कार्यक्रमलाई एनआरएन अमेरिकाका बोर्ड अफ डाइरेक्टर खिम बिक्रम भट्टराईले समन्वय गरेका थिए भने न्यूयोर्कको कार्यक्रममा भट्टराईलाई प्रमुख आतिथ्यता गराइएको थियो।

कार्यक्रमपश्चात मंचका अध्यक्ष टेक गुरुङ, कार्यक्रम संयोजकहरु कृष्ण आचार्य र सुशील क्षेत्रीसहित सँस्थाका जिम्मेवार पदाधिकारी एवं केन्द्रिय सदस्यहरुसमेतले रक्तदाता, स्वयमसेवीदेखि सहभागी सबैलाई आभार प्रकट गरे। त्यसैगरी १७९ औं पटक रक्तदान गर्ने अर्जुन मैनालीले ३३ औं पटक रक्तदान गर्ने समाजसेवी कृष्ण आचार्यलाई वर्ल्ड ब्लड रेकर्ड अवार्डले पनि सम्मानित गरेका थिए।

# 'नयाँ ऐनले खेलकुदमा अन्योल'

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ असार

राष्ट्रिय खेलकुद विकास ऐन २०७७ कार्यान्वयमा आएसँगै राष्ट्रिय खेलकुद परिषद् (राखेप) हालको संरचना के हुने भन्ने अन्योलता थपिएको छ । राष्ट्रपतिबाट प्रमाणीकरण भएको मितिले सातौं दिनदेखि प्रारम्भ हुने ऐनमै उल्लेख छ । सोही व्यवस्था अनुसार बुधबार राति १२ बजेदेखि ऐन प्रराम्भ भएको हो ।

ऐन लागु भएसँगै राष्ट्रिय खेलकुद परिषद्को बोर्ड र त्यस अन्तर्गतका सबै संरचाना कानुनी रूपमा स्वतः खारेज भएको छ ।

प्रमाणीकरणपछि युवा तथा खेलकुद मन्त्री जगतबहादुर विश्वकर्माले राखेपका पदाधिकारी र सदस्यले बाँकी अवधी सम्म सोहि पदमा रहेर जिम्मेवारी निर्वाह गर्ने बताएका थिए । तर, ऐनमा त्यस्तो कुनै व्यवस्था छैन । त्यसकारण पनि अहिलेका राखेप पदाधिकारी र सदस्य को अवस्था के हुने भन्न अन्यौल बनेको छ । युवा तथा खेलकुद मन्त्रालयका सचिव रामप्रसाद थपलियाले नयाँ ऐन अनुसार कार्यान्वयन गर्नका लागि राखेपमा पत्राचार गरिसकिएको बताएका छन् । खेलकुद कानुन बारे जानकार अधिबक्ता उपेन्द्र केसरी न्यौपानेले नयाँ कानुन अनुसार अहिलेको संरचना खारेज भएको बताएका छन् ।

राखेप सदस्य सचिव रमेशकुमार सिलवालले सरकारबाट निर्णय नआएसम्म परिषद् नजाने बताएका छन् । सिलवालले भने, ' नयाँ ऐन लागु हुनेछ । खारेजी भनेको छैन । बचाउ र खारेजी मा २०४८ को नियुक्ती सबै लागु हुने छ तर ऐनले त्यसमा बोलेको छैन । खारेजी र बचाउमा भए गरेको काम भए गरेकोमै भनेकोले त्यसैले निरन्तरत गर्ने हुनेछ । तर नयाँ म्यानडेटका लागि मैत्रीपरिषद्ले निर्णय गर्ने, कानुनले स्पष्ट बोलेको छैन । अब के गर्ने भन्ने विषय मन्त्रालयले गर्ने हो ।'

ऐन प्रमाणीकरणको सात दिन बितिसक्दा पनि सम्बन्धित मन्त्रालयले भने कार्यान्वयनका लागि पहल गरेको देखिएको छैन । नयाँ ऐनमा सदस्य सचिवले हाल प्रयोग गर्दै आएको एकल अधिकारको अन्त्य भएको छ । सदस्य सचिवले प्रयोग गर्दै आएको अधिकार अब सात सदस्यीय कार्यकारी समितिले प्रयोग गर्नेछ । छनोट समितिको सिफारिसमा राखेप सदस्य सचिव सरकारले नियुक्त गर्ने व्यवस्था छ । राखेपको सदस्य सचिव बन्नको लागि स्नातक उतीर्ण गरी खेलकुद क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव भएको र ३० वर्ष उमेर पूरा भएको नेपाली नागरिक हुनुपर्ने गरी योग्यता तोकिएको छ । सदस्य सचिवको एकल अधिकार कार्यकारी समितिमा सार्ने, राखेपजस्तै संयन्त्र प्रदेश र स्थानीय तहले निर्माण गर्न सक्ने लगायतका प्रावधान ऐनमा छ । राखेप कार्यकारी समितिमा खेलकुद मन्त्रालयको खेलकुद महाशाखा प्रमुख, खेलकुद परिषदका सदस्यहरु मध्येबाट परिषद अध्यक्ष रहेका युवा तथा खेलकुद मन्त्रीले मनोनित गरेका दुई जना, परिषदले मनोनित गरेका दुई जना सदस्यका रुपमा रहन्छन् । खेलकुद परिषदको प्रशासन महाशाखा प्रमुखले सचिवको जिम्मेवारी पाउनेछन् ।

यसैगरी, राखेपको हाल रहेको २३ सदस्यीय बोर्डलाई ३० सदस्यीय बनाउने र परिषदमा प्रदेश स्तरका खेलकुदसम्बन्धी संरचनाका प्रमुखदेखि नेपाली सेना, नेपाल प्रहरी र निजी क्षेत्रका प्रतिनिधिलाई समेत सदस्यका रुपमा राख्ने व्यवस्था थपिएको छ । विश्वविद्यालयहरुको खेलकुद विभागका प्रमुख, खेलकुद मन्त्रालयको महाशाखा प्रमुख, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी, ओलम्पिक कमिटीलगायतको सहभागिता सुनिश्चित गरिएको छ ।

# गण्डकीमा खेलकूदको थप पूर्वाधारमा जोड

**कास्की, रासस–** गण्डकी प्रदेश सरकारले समग्र खेलकुदको विकासका लागि नीति, कानून, संरचना र पूर्वाधार निर्माणमा जोड दिएको छ । आर्थिक वर्ष २०७७/०७८ को बजेटमा सरकारले प्रदेशस्तरीय बहुउद्देश्यीय रङ्गशाला, क्रिकेटरङ्गशाला, गल्फकोर्स, स्की, उच्च उचाई खेलकुद तालिम केन्द्र, जिल्लास्तरीय रङ्गशाला र एक स्थानीय तह एक खेलकुद मैदान निर्माणका लागि आठ करोड ३५ लाख विनियोजन गरेको छ ।

अन्तर्राष्ट्रिय तथा राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना र खेलाडीलाई प्रोत्साहन गर्न तथा समग्र खेलकुद क्षेत्रको विकासका लागि आवश्यक बजेट विनियोजन गरिएको प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङले बताए । सरकारले आ.व.२०७७/०७८ मा मुख्यमन्त्री कप फुटबल प्रतियोगितालाई निरन्तरता दिएको छ ।

राष्ट्रिय खेलकूद परिषद्बाट यहाँ आयोजना हुने नवौं राष्ट्रिय खेलकूद प्रतियोगितामा भाग लिने खेलाडीको आवश्यक व्यवस्थापन र प्रशिक्षणका लागि एक करोड ५० लाख रुपैयाँ छुट्याइएको उनले जानकारी दिए । प्रदेश सरकारको तर्फबाट विजयी खेलाडीलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइएको उनले बताए ।

# इमरान ख्वाजा आईसीसीको अन्तरिम अध्यक्ष



**दुबई, एजेन्सी–**सिंगापुरका इमरान ख्वाजा अन्तर्राष्ट्रिय क्रिकेट परिषद आईसीसीको अन्तरिम अध्यक्षका रूपमा नियुक्त भएका छन् । भारतका शशांक मनोहरले वुधबार अध्यक्ष पदबाट राजीनामा दिएपछि ख्वाजाले अर्को अध्यक्ष चयन नहुँदासम्मका लागि अध्यक्षको जिम्मेवारी सम्हाल्ने आईसीसीले जनाएको छ । सिंगापुर क्रिकेट संघका पूर्वअध्यक्ष ख्वाजा यसअघि आईसीसीको उपाध्यक्ष थिए । मनोहरले आफ्नो दुई वर्षे कार्यकाल सकिएपछि पदबाट राजीनामा दिएका हुन् ।

आईसीसीमा तीन कार्यकाल अध्यक्ष हुन पाउने व्यवस्था भएपनि मनोहरले दुई वर्षको कार्यकाल सकेर राजीनामा दिएका हुन् । 'आईसीसी बोर्डले अर्को सातासम्म नयाँ अध्यक्ष चुन्ने प्रकृया थाल्नेछ,' आईसीसीले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

नेपाल क्रिकेट संघ (क्यान) को विवाद मिलाउने क्रममा अन्तरिम अध्यक्ष ख्वाजा पटक-पटक नेपाल आएका थिए । उनकै नेतृत्वमा आईसीसीले क्यानको विवाद टुंगाएको थियो ।

# विश्व खेलकुद पत्रकार दिवस मनाइयो




**काठमाडौं, मस–** नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) ले विश्व खेलकुद पत्रकार दिवस अन्तरक्रिया कार्यक्रम गरी मनाएको छ । कोभिड-१९ को महामारीका कारण मञ्चले सामाजिक दुरी कायम गर्दै बिहिबार मञ्चको केन्द्रीय कार्यलयमा 'नेपाली खेलकुद पत्रकारितामा कोभिड-१९ को असर' विषयक अन्तक्रियामा कार्यक्रम आयोजना गरको हो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका महासचिव रमेश बिष्टले कोभिड-१९ को महामारीमा अधिकांश सञ्चारकर्मी आफ्नो रोजगारीबाट बन्चित हुनु परेको बताए । 'कतिपय सञ्चार गृहले कोभिडको बहानामा क्रियासिल पत्रकारलाई निकाल्ने काम गरेका छन् । अधिकांश पत्रकारको तलब भत्ता कटौती गरिएको छ । यस्तो अवस्थामा सञ्चार गृह र श्रमजीवी पत्रकार दुवै पक्ष बाँच्ने वातावरण बनाउन आवश्यक छ । सरकारले समेत अग्रपंक्तिमा काम गर्ने पत्रकारको समस्यालाई त्यति बुझेको छैन,' बिष्टले भने ।

बिष्टले विश्व खेलकुद पत्रकार दिवसको अवसरमा शुभकामना व्यक्त गर्दै विसम परिस्थितिमा आफ्नो पेशालाई जोगाउन सम्पूर्ण श्रमजीवी पत्रकारहरुले झनै सक्रिय भएर काम गर्नुपर्ने बताए । कोभिड-१९ को कारण देखाई सञ्चार संस्थाले पत्रकारमाथि अनावश्यक तनाव दिएको भन्दै महासंघले सबैको ध्यानाकर्षण गर्न शुक्रबार बबरमहलमा शान्तिपूर्ण आन्दोलन गर्न लागेको जानकारी पनि दिए ।

नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष एवं नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष डा. महेन्द्र बिष्टले महामारीको समयमा खेलकुदसँगै समग्र पत्रकारितालाई अगाडी बढाउन ठूलो चुनौती पैदा भएको बताए । 'सञ्चार क्षेत्रलाई अहिले आर्थिक संकट ठूलो छ । कोभिड पछि विज्ञापनमा आएको ह्रास हेर्दा कसरी चल्ने भन्ने अवस्था छ । सबैलाई रहन सक्ने गरी नयाँ सोच र पद्धति अपनाउन आवश्यक छ,' बिष्टले भने ।

बाह्रखरी डटकमका प्रधानसम्पादक प्रतिक प्रधानले कोभिड-१९ ले सबैभन्दा बढी असर खेलकुद पत्रकारितामा पारेको बताए । 'अहिले खेलकुद गतिविधि हुन सक्ने अवस्था छैन । यस्तो अवस्थामा पत्रकारहरुले आफुलाई जोगाईराख्न भर्चुअल खेलकुदका विषय, अनुसन्धान मुलक रेख रचना, विषय बस्तुको गहिराईमा पुगेर लेखन क्षमता बृद्धि गर्ने लगाय काम गर्न आवश्यक छ । कोभिडको महामारीले खेलपत्रकारलाई नयाँ विषय सृजना गर्ने मौका पनि दिएको छ,' प्रधानले भने । उनले संकटको समयमा पत्रकारलाई निकाल्नु भन्दा एक छाक खाएर भएपनि सबै पक्ष मिलेर बाच्नु पर्ने बताए । बरिष्ट पत्रकार श्याम चित्रकार र राजु सिलवालले नेपाली खेलकुद पत्रकारिताले विगतको तुलनामा उल्लेख्य सफलता हात पारेको बताए । खेलकुद प्राविधिक र साहसिक विषय भएकोले यसमा रमेर काम गर्नुपर्ने उनीहरुको भनाई थियो । नेपाल खेलकुद पत्रकार मञ्चका अध्यक्ष दुर्गा नाथ सुवेदी (देवेन्द्र) ले खेलकुद विटमा काम गर्ने मात्र १० जना पत्रकारले कोभिड-१९ को कारण रोजगारी गुमाउन बाध्य भएको बताए । एआईपीएस एसियाका कोषाध्यक्ष निरञ्जन राजवंशीले कोरोनाको महामारीमा पनि खेलकुद पत्रकारहरुले कसरी हुन्छ समाचार उत्पादनमा आफुहरुलाई ब्यस्त बनाई रहेको बताए ।

सन् १९२४ मा पेरिस ओलम्पिक हुँदा जुलाई २ तारिखमा इन्टरनेशनल स्पोर्टस प्रेस एसोसिएशन स्थापना गरिएको थियो । सोही दिनलाई विश्वभर विश्व खेलकुद पत्रकार दिवसका रूपमा मनाईँदै आएको छ । नेपालमा पनि खेलकुद पत्रकारहरुको छाता संगठन नेपाल खेलकुद पत्रकार मञ्चले जुलाई २ मा एनएसजेफ पल्सर स्पोर्टस अवार्डका साथै अन्य विभिन्न कार्यक्रम गरेर मनाउँदै आएको थियो ।

# गोलकिपर किरणलाई विदेशी प्रायोजन



**काठमाडौं, मस–** नेपाली राष्ट्रिय फुटबल टिमका गोलकिपर किरण चेम्जोङलाई विदेशी कम्पनी आरजीले प्रायोजन गरेको छ ।

नेपाली राष्ट्रिय टोलीका कार्यवाहक कप्तान समेत रहेका किरणलाई साइप्रसको ग्लोभ्स कम्पनी आरजीले प्रायोजन गरेको हो ।

भारतीय क्लब मिनर्भा पन्जाबबाट खेलिरहेका किरणलाई आरजीले दुई वर्षको लागि प्रायोजन गरेको हो । 'युरोपियन कम्पनिसँग जोडिएको छु । आरजी कम्पनीले दुई वर्षको लागि प्रायोजन गरेको छ । रकम छैन मलाई कम्पनीले आवश्यक खेलकुद सामग्री उपलब्ध गराउने छन्,' किरणले भने । किरणले बुधबार कम्पनीसँग औपचारिक रुपमा सम्झौता गरेका छन् । सम्झौता अनुसार आरजीले किरणलाई हरेक वर्ष २० जोर ग्लोभ्स उपलब्ध गराउनेछ ।

दुई वर्षको ग्लोभ्सको प्रायोजन रकम करिब ६ लाख पर्ने बताईएको छ । नेपाली गोलकिपरले ग्लोभ्सको प्रायोजन पाएको यो पहिलो अवसर हो ।

यस अघि विभिन्न खेलाडीले प्रायोजक पाउँदै आए पनि गोलकिपरलाई ग्लोभ्स कम्पनीले प्रायोजन गरेको थिएन ।

# रुसी राष्ट्रपतिको कार्यकाल बढाउने पक्षमा भारी बहुमत



**मस्को, एएफपी–** रुसी राष्ट्रपति भ्लादिभिर पुटिनलाई अर्को कार्यकाल राष्ट्रपतिको उम्मेदवार हुनेगरी मार्गप्रशस्त गर्न संवैधानिक सुधारसम्बन्धी जनमत संग्रहमा भारी बहुमत प्राप्त भएको छ । रुसी केन्द्रीय निर्वाचन आयोगले मतगणनाको अन्तिम नतिजा सार्वजनिक गर्दै संवैधानिक सुधारको पक्षमा ७७ दशमलब ९२ प्रतिशत मत प्राप्त भएको जनाएको छ ।

आयोगका अनुसार कूल मतदातामध्ये करिब ६५ प्रतिशतले मतदानमा भाग लिएका थिए । रुसी राष्ट्रपति पुटिनले संवैधानिक सुधारसम्बन्धी प्रस्तावमाथि जनताको अभिमत बुझ्न जनमत संग्रहका लागि आह्वान गर्नु भएको थियो जसमा राष्ट्रपतिको कार्यकाल समेत अन्य केही संवैधानिक सुधारका व्यवस्थाहरु रहेका थिए । उहाँको राष्ट्रपतिको वर्तमान कार्यकाल आगामी सन् २०२४ मा समाप्त हुँदैछ । पछिल्लो जनमत संग्रहले पुटिनलाई अरु दुई कार्यकालका लागि राष्ट्रपतिको उम्मेदवार हुन मार्गप्रशस्त गरेको छ ।

यस्तै संविधान संशोधन प्याकेजमा राष्ट्रपति र संसद्को अधिकार क्षेत्रलाई व्यापक बनाउने प्रस्ताव पनि अनुमोदित भएको छ । राष्ट्रपतिले रुसमा समलिंगी विवाहमाथि प्रतिबन्ध लगाउन सक्ने तथा मजदूरको न्यूनतम ज्याला एवं निवृत्तीभरणको प्रत्याभूति गर्न पाउने व्यवस्थालाई नयाँ जनमत संग्रहले अनुमोदन गरेको छ ।

रुसका दुवै सदनले यसअघि नै संविधान संशोधनसम्बन्धी प्रस्तावलाई स्वीकृत गरिसकेका छन् तर राष्ट्रपति पुटिनले संविधान संशोधनलाई जनमत संग्रहमार्फत अनुमोदन गराउन चाहेको बताएका थिए । रुसमा राष्ट्रपति पुटिनका प्रखर आलोचक अलेक्सी नाभाल्नीले जनमत संग्रहको मतपरिणामप्रति आश्वस्त हुन नसकिने बताएका छन् ।

# मेक्सिकोमा बन्धुकधारीले २४ जनाको गरे हत्या



**गुआनाजुतो, एएफपी–** मध्य मेक्सिकोको एउटा लागूऔषध पीडितको पुनर्स्थापना केन्द्रमा बुधबार बन्धुकधारीको गोली प्रहारबाट कम्तीमा २४ जनाको मृत्यु भएको छ । स्थानीय सुरक्षास्रोतका अनुसार उक्त आक्रमणमा अरु सात जना घाइते भएका छन् ।

प्रहरीका अनुसार प्रारम्भिक विवरणमा ती आक्रमणकारीहरु पुनर्स्थापना केन्द्रमा जबर्जस्ती प्रवेश गरेर त्यहाँ रहेका व्यक्तिलाई अन्धाधुन्ध गोली प्रहार गरेका थिए । उनीहरुले केन्द्रमा रहेका व्यक्तिहरुलाई भुइँमा सुत्न लगाएर लहरै गोली चलाएको प्रत्यक्षदर्शीको भनाइ उद्धृत गर्दै प्रहरीले जनाएको छ । रातो सवारी साधनमा आएका आक्रमणकारीको खोजी कार्य तिब्र बनाइएको प्रहरी अधिकारीहरुले जनाएका छन् । घाइतेमध्ये तीन जनाको अवस्था निकै जटिल रहेको छ । आक्रमणकारीले कसैलाई पनि अपहरण नगरेको प्रहरीको भनाइ छ ।

गुआनाजुतो राज्यमा मेक्सिकोका ठूला उद्योगहरु तथा कार निर्माणका ठूला कारखाना रहेका छन् । यहाँ केही वर्षदेखि संगठित अपराधका घटना तिब्र रुपमा बढेका छन् । मेक्सिकोकै धनी राज्यमा परिणत भइरहेको गुआनजुतोमा शक्तिशाली आपराधिक समूहहरु जस्तै न्यू जेनेरेसन र सान्ता रोजा डी लिमा सक्रिय भएका छन् । यी समूहहरु धम्की, अपहरण र इन्धन चोरीजस्ता अपराधमा सक्रिय छन् । पछिल्लो समयमा आपराधिक घटना बढेको भन्दै राष्ट्रपति आन्द्रेजले मुलुकको कानुन व्यवस्था सुदृढ गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

# भारतमा कोरोना संक्रमितको संख्या छ लाख नाघ्यो

**नयाँदिल्ली, एएनआई–** महामारीका रुपमा फैलिएको कोरोनाभाइरसबाट संक्रमित हुनेहरुको संख्या भारतमा छ लाख नाघेको छ । सरकारी अधिकारीहरुले बिहीबार दिएको जानकारीअनुसार भारतमा हालसम्म कोरोनाभाइरसबाट ६ लाख ४ हजार ६४१ जना संक्रमित भएका छन् ।

पछिल्लो २४ घण्टामा मात्रै १९ हजार १४८ जना कोरोनाभाइरसबाट संक्रमित भएका अधिकारीहरुले जनाएका छन् । केन्द्रिय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले २ लाख २६ हजार ९४७ जना अझै पनि संक्रमित अवस्थामै रहेको जनाएको छ । कुल सङ्क्रमितमध्ये ३ लाख ५९ हजार ८६० जना सङ्क्रमणमुक्त भएका मन्त्रालयको तथ्याङ्कमा उल्लेख गरिएको छ ।

गत २४ घण्टामा भारतमा कोरोनाभाइरसबाट ४३४ जनाको मृत्यु भएपछि हालसम्म यस भाइरसबाट १७ हजार ८३४ जनाको मृत्यु भएको छ । प्रदेशअनुसार हेर्दा भारतमा सबैभन्दा धेरै संक्रमित महाराष्ट्रमा देखिएका छन् । त्यहाँ कुल संक्रमितको संख्या १ लाख ८० हजार २९८ पुगेको छ । कोरोना भाइरस संक्रमणको कारण महाराष्ट्रमा ८ हजार ५३ जनाको मृत्यु भएको छ ।

त्यसैगरी तमिलनाडुमा ९४ हजार ४९ जना संक्रमित भएका छन् । तमिलनाडुमा संक्रमित मध्ये १ हजार २६४ जनाको मृत्यु भएको छ । दिल्ली प्रदेशमा ८९ हजार ८०२ जना संक्रमित भएका छन् । दिल्लीमा यस भाइरसको कारण २ हजार ८०३ जनाको मृत्यु भएको छ ।

# 'बक्सिङ संघमा विवाद छैन'

**काठमाडौं, मस–**नेपाल बक्सिङ संघले विभिन्न समाचार माध्यममा आएको संघ भित्र आर्थिक अनियमितता भएको समाचारमा सत्यता नभएको बताएको छ ।

संघले बिहीबार एक प्रेस विज्ञप्ति निकाल्दै विभिन्न अनलाईन मिडियामा आएको आर्थिक अनियमितता, विधान मिचिएको र बक्सिङको स्तर खुम्चिएको समाचारमा सत्यता नभएको जनाएको हो ।

'केहि मिडियाहरुबाट नेपाल बक्सिङ संघमा आर्थिक अनियमितता भएको, विधानको मिचिएको, बक्सिङको स्तर खुम्चिएको भन्ने समाचार प्रकाशित भएको हुदा सो सम्बन्धमा संघको गम्भीर ध्यानाकर्षण भएको छ,' प्रवक्ता श्यामकाजी अवालेले जारी गरेको विज्ञप्तिमा भनिएको छ । 'यस सम्बन्धमा प्रकाशित समाचारमा कुनै पनि सत्यता नभएको कुराखेल सम्बद्ध निकायहरुमा हार्दिक अनुरोध गर्दछु ।'

संघले आफ्नो संस्था स्वायत्त संस्था भए पनि यसले गर्ने हरेक गतिबिधिहरुमा नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय,राष्ट्रिय खेलकुद परिषद्को निर्देशन चल्ने कारण आर्थिक लगायत सम्पूर्ण गतिबिधिहरु पारदर्शी हुने दाबी गरेको छ ।

'राष्ट्रिय खेलकुद परिषद् खेलकुद बिकास ऐन अन्तर्गत गठित नेपाल बक्सिङ संघका आर्थिक लगायत सम्पूर्ण गतिबिधिहरु पारदर्शी छन् । यस सम्बन्धमा सघं जहिले पनि खुला छ, हरेक पक्षको सत्य-तथ्य जानकारी दिन हामी तयार छौं,' विज्ञप्तिमा भनिएको छ ।

यस्तै १३ औं दक्षिण एसियाली खेलकुदमा नेपालले बक्सिङ इतिहासकै सर्वाधिक ३ स्वर्ण, ६ रजत, र ६ कास्य पदकको जितेको भन्दै बक्सिङको स्तर खुम्चिएको भन्ने कुरामा सत्यता नभएको पनि जनाएको छ ।

संघले संघबाट स्पष्टिकरण सोधिएका केहि पदाधिकारीहरु र बक्सिङको विकास नचाहने व्यक्तिहरुको भनाइलाई आधार मानी बनाईएको झुठा समाचारले खेलाडी,प्रशिक्षकको मनोबल गिराउने काम गरेको भन्दै सत्य तथ्य र निष्पक्ष समाचार सम्प्रेषण गर्न समेत आग्रह गरेको छ ।

# म्यानमार पहिरोमा परी ११३ को मृत्यु

**याङ्गुन, सिन्हुवा–**म्यानमारको काचिन राज्यमा बिहीबार बिहान आएको पहिरोमा परी मृत्यु हुनेको संख्या ११३ पुगेको म्यानमारको सूचना मन्त्रालयले जानकारी दिएको छ ।

यसअघि सो पहिरोमा परी कम्तीमा ५० व्यक्तिको मृत्यु भएको यहाँको अग्नि सेवा विभागका अधिकारीहरुद्वारा जारी प्रेस विज्ञप्तिमा जनाइएको थियो । तर पछि पहिरो गएको स्थलबाट थप शवहरु निकालिएको छ । सूचना मन्त्रालयले बिहीबार बिहानको सो पहिरोमा परी ज्यान जानेको संख्या बढेर ११३ पुगेको जानकारी गराएको हो ।

कचिन राज्यको हपाकांत टाउनशिपस्थित गाउँमा रहेको जेड खानी क्षेत्रमा स्थानीय समयानुसार बिहीबार बिहान ८ बजे भिषण पहिरो आएको बताइएको थियो । पहिरो आइएको समयमा सो खानीमा ठूलो संख्याका कमदारहरुले काम गरिरहेका थिए । कैयौं व्यक्ति काममा व्यस्त रहेको अवस्थामा पहिरो आएकोले उनीहरुलाई पुरेको आशङ्का गरिएको छ ।

सूचना मन्त्रालयले अहिले पनि सो क्षेत्रमा उद्धारको काम जारी नै रहेको बताएको छ । उद्धारकर्मीहरुले सो स्थलमा अरु पनि व्यक्तिहरु पुरिएको हुनसक्ने जनाएका छन् ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७३/०७/०५ मा दर्ता भएको **प्रा.लि. नं. १५७५०१** को **स्किल ईन्टरनेशनल ईन्क प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७७/०३/१९

यस कम्पनीको मिति २०७६/१०/११ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **साहारा फिजियोथेरापी अस्पताल एण्ड ट्रेनिङ्ग सेनटर प्रा.लि. (प्रा.लि.नं. १४२९५७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/०१/२८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **साहारा फिजियोथेरापी हस्पिटल ट्रेनिङ्ग सेन्टर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

## राष्ट्रियसभा सांसदको जोड

# 'असारे विकास सधैंका लागि अन्त्य होस्'

मध्यान्ह संवाददाता
काठमाडौं, १८ असार



राष्ट्रियसभाका सांसदले असारे विकासलाई सधैंका निम्ति अन्त्य गर्ने गरी नीति बनाएर कार्यान्वयन गर्नुपर्ने माग गरेका छन् । सभाको बिहीबारको बैठकको शून्य समयमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का शान्तिकुमारी अधिकारीले वर्षायाममा गरिएको काम विकास नभई विनाश हुने बताउँदै असारे विकासलाई सदाका लागि अन्त्य गर्नुपर्नेमा जोड दिईन ।

उनले भनिन, "नेपालमा जेठ १५ गते बजेट सार्वजनिक गरी असार महिनाभित्र बजेट पास गरिन्छ, साउन र भदौ महिनामा पालैपालो घर बिदामा बस्ने हुँदा कर्मचारीका अभावमा कार्यालयमा काम ढिलासुस्ती हुन्छ, मन्त्रालयले अख्तियारी ढिला दिने कारणले स्थानीय निकायमा सम्झौता पुस महिनादेखि शुरु भई चैत महिनाभित्र सम्झौता गरेर सकिन्छ, असार महिनामा विकासका काम द्रुत गतिमा हुन्छ, अन्तिमका वर्षायाममा भएको काम मजबुत हुँदैन ।"

आर्थिक वर्षको अन्तिम महिना असारमा हतारमा काम गर्दा विकास कागजमा मात्र सम्पन्न गरी मिलेमतोमा बजेट सक्ने र वर्षायाममा गरिएको कामले गर्दा बाढीपहिरो आउने, धनजनको क्षति हुने र बस्ती उजाड हुने उहाँको भनाइ छ । उनले उनले भनिन, "त्यसैले असारे विकासलाई सधैंका निम्ति अन्त्य गरिनुपर्छ, समयमै काम सक्ने नीति बनाउन आवश्यक छ ।" नेकपाकै शेरबहादुर कुँवरले क्वारेन्टिनको अस्तव्यस्तताका कारण कोभिड-१९ को महामारी झन्झन् बढ्दै गएको बताउँदै अब कोरोना समुदायस्तरमा पुगेकाले समयमै सचेत हुन जरुरी छ भने । सोही दलका शारदादेवी भट्टले हत्या, हिंसा र भ्रष्टाचारलगायत मुलुकको समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराए ।

सांसद रामनारायण बिंडारीले यातायात क्षेत्रमा १० प्रतिशत पुनःकर्जा र ढुवानीमा भ्याट छुट गरेर टिडिएस मात्रै लागू गर्ने व्यवस्था गर्ने गरी नीति बनाएर कार्यान्वयन गर्नुपर्ने धारणा राख्नुभयो । उनले भने, "यातायात क्षेत्रमा नेपालीको खर्बौं लगानी छ, यसलाई हेर्ने छुट्टै मन्त्रालय छैन, त्यसैले यो क्षेत्र अस्तव्यस्त छ, बस, ट्रक, टिपर, मालवाहक यातायातको बेग्लाबेग्लै नीति चाहिन्छ, निजीले पनि सार्वजनिक भाडाका काम गरिरहेका छन्, कोभिड-१९ ले यी व्यवसायी थला परेका छन्, १० प्रतिशत पुनःकर्जा र ढुवानीमा भ्याट छुट होस् ।"

सांसद डा विमला पौडेलले कोभिड-१९ को महामारीका अवस्थामा ज्यानको बाजी राखेर काम गरिरहेका स्वास्थ्यकर्मीमाथि कुटपिट भएको बताउँदै उनीहरुको सुरक्षाको माग गरिन ।

# नेप्सेमा ८० अंकको गिरावट

## नकारात्मक सर्किट लाग्दा डेढ घण्टामै कारोबार स्थगित

**काठमाडौं/मस-** कूल छ प्रतिशत बढीले ओरालो लागेपछि नेपाल स्टक एक्सचेञ्जले शेयर कारोवार स्थगित गरेको छ । मंगलबार र बुधबार लगातार छ प्रतिशत बढीले नेप्से परिसूचक उकालो लागेपछि बिहीबारका लागि कारोवार स्थगन हो ।



स्टकका अनुसार बिहीबार नेप्से ८०.४१ बिन्दु अर्थात् ६.०२ प्रतिशतले ओरालो लागेर एक हजार २५६.११ मा झरेको छ । यस्तै सेन्सेटिभ परिसूचक समेत १७.९९ बिन्दु अर्थात ६.२७ प्रतिशतले ओरालो लागेको छ । कूल १४२ कम्पनीको कूल १० लाख ६१ हजार ८९० कित्ता शेयर रु ४७ करोड ६६ लाख ५४ हजार ९७१ मूल्यमा खरीद बिक्री भए ।

कारोवार भएका कूल ११ उपसमूह मध्ये बिहीबार सामूहिक लगानी कोषको बाहेक अरु सबै उपसमूहको शेयर ओरालो लागेको छ । लगानी कोष ०.०१ ले बढ्दा बैंकिङ ८७.१४, होटल १२८.३७, विकास बेंक ७६.३५, जलविद्युत् ३४.९५, वित्त ०.०३, निर्जीवन बीमा १७८.३१, उत्पादन १२८.५२, अन्य ३१.३९, लघुपित्त ७१.२६ र जीवन बीमा ६०८.६१ ले घटेको स्टकले जनाएको छ ।

स्टकका अनुसार कारोबारका आधारमा नेपाल पुर्नबीमा कम्पनी शीर्ष स्थानमा रहेको छ । सो कम्पनीको रु छ करोड छ लाख ८२ हजार १२५ बराबरको भएको छ । नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको रु छ करोड ५३ हजार १७५, हिमालयन डिस्टिलरी रु तीन करोड ८४ लाख ३७ हजार २६५, एनआइसी एशिया बैंक रु दुई करोड १८ लाख ३२ हजार ३५७, नागरिक लगानी कोष रु दुई करोड दुई लाख ६५६, एनएमबी बैंक रु एक करोड ९६ लाख ९० हहजार १३६ र नेपाल इन्भेस्टमेन्ट बैंकको रु एक करोड ७८ लाख ७० हजार ४७९ बराबरको कारोवार दुई शीर्ष स्थानमा रहे ।

घटेको बजारमा स्वाभिमान लघुवित्त वित्तीय संस्था ८.०७, गुर्खाज फाइनान्स ३.८१, गुडविल फाइनान्स ३.३८, नेपाल पुर्नबीमा कम्पनी ३.१७, मितेरी डेभलपमेन्ट बैंक ३.०१ र स्पर्श लघुवित्त वित्तीइ संस्थाका शेयरधनीले २.१० प्रतिशतले कमाए । त्यस्तै, सोल्टी होटल १०, प्रभु बैंक ९.९२, हिमालयन डिस्टिलरी ९.२७, लाइफ इन्स्योरेन्स कम्पनी ९.१५, ग्लोबल आइएमइ बैंक ९.१३, एशियन लाइफ इन्स्योरेन्स ८.८०, नेपाल बैंक ८.४६, नेपाल लाइफ इन्स्योरेन्स ८.३३ र एनआइसी एशिया बैंकका लगानीकर्ताले ८.३३ प्रतिशतले गुमाएका थिए ।

# नागरिक लगानी कोष दोस्रो संशोधन विधेयक राष्ट्रियसभाबाट पारित

**काठमाडौं/मस-**राष्ट्रियसभाको बिहीबारको बैठकले विभिन्न विषयका दुई विधेयक पारित गरेको छ । प्रधानमन्त्रीका तर्फबाट अर्थमन्त्री डा युवराज खतिवडाले प्रस्तुत गरेको राष्ट्रियसभाबाट पारित भई प्रतिनिधिसभामा पठाइएको 'सङ्घ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक २०७७ लाई प्रतिनिधिसभाबाट भएको संशोधन स्वीकारसहित पुनः पारित गरियोस्' भन्ने प्रस्ताव सदनमा सर्वसम्मतिबाट पारित भएको हो ।

त्यस्तै मन्त्री डा खतिवडाले प्रस्तुत गर्नुभएको राष्ट्रियसभाबाट पारित गरी प्रतिनिधिसभामा पठाइएको 'नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक २०७६ लाई प्रतिनिधिसभाबाट भएको संशोधन स्वीकारसहित पुनः पारित गरियोस्' भन्ने प्रस्ताव पनि सदनमा सर्वसम्मतिबाट पारित भएको छ । बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीका तर्फबाट भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री बसन्तकुमार नेम्बाङले 'अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक २०७७ सभासमक्ष पेश गरेका छन् । सभामा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले राष्ट्रपतिको कार्यालयबाट प्राप्त विनियोजन विधेयक २०७७, आर्थिक विधेयक २०७७, राष्ट्र ऋण उठाउने विधेयक २०७७, ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक २०७७ र केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक २०७७ प्रमाणीकरणसम्बन्धी पत्रको बेहोरा पढेर सुनाए ।

## सानिमा बैंक र आईएमएस ग्रुपबीच छुट दिनेसम्बन्धी सम्झौता




**काठमाडौं/मस-**सानिमा बैंक र आईएमएस ग्रुपबीच बैंकका ग्राहकहरुलाई विभिन्न सामान खरिद गर्दा छुट प्रदान गर्ने समझदारी भएको छ । सम्झौता अनुसार बैंकका ग्राहकहरुले आईएमएस ग्रुपको काठमाडौं कमलपोखरीस्थित सिटी सेन्टर र दरबारमार्गस्थित वन दरबारमलमा रहेको आईएमएस लिटल स्माइल्स स्टोरबाट सामान खरिद गर्दा छुट पाउने छन् । ग्राहकले बैंकको डेबिट क्रेडिट कार्ड प्रयोग गरी ड्रोन, गिम्बल, ह्युमिडिफायर, पावर बैंक, बेबि प्रोटक्टस् आदि खरिद गर्दा ५ प्रतिशत छुट पाउने छन्। क्रेडिट कार्ड प्रयोगकर्ताहरुलाई १८ महिनासम्मको मासिक किस्ताबन्दी (ईएमआई) सेवा पनि उपलब्ध रहेको छ । सम्झौतापत्रमा बैंकका डिजिटल बैंकिङ्ग विभाग प्रमुख विक्रम श्रेष्ठ र आईएमएसका अध्यक्ष तथा निर्देशक डिकेस मल्होत्राले हस्ताक्षर गरेका छन् ।

# एनआईसी एशिया लघुवित्तको आईपीओ आइतबार बाँडफाँड

**काठमाडौं/मस-**एनआईसी एशिया लघुवित्तले निष्काशन गरेको साधारण सेयर (आईपीओ) आगामी आइतबार(असार २१ गते) बाँडफाँड हुने भएको छ । बिक्री प्रबन्धक सानिमा क्यापिटलले बिहीबार उक्त जानकारी गराएको हो। उक्त सेयरको प्री(अलोटमेन्ट बिहीबार(बिहीबार) भएको थियो । जसअन्तर्गत कूल ३ लाख ९७ हजार ७ सय ४१ जनाको आवेदन मात्र योग्य रहेको र बाँकी १६ लाख ४ सय ३९ जनाको आवेदन रद्द भएको क्यापिटलले जनाएको छ। गत असार १० गतेदेखि असार १४ गतेसम्म निष्काशन भएको संस्थाको सेयरमा कूल ४ लाख १४ हजार एक सय ८० जनाले आवेदन दिएका थिए। यससँगै सेयर बाँडफाँडको क्रममा पहिलो चरणमा सबै आवेदकले १०र१० कित्ताको दरले सेयर प्राप्त गर्ने छन् र त्यसपछि बाँकी रहेको सेयर गोलाप्रथा मार्फत वितरण गरिने छ । साथै, आइतबार कहाँ र कति बजे सेयर बाँडफाँड हुन्छ भन्ने अहिले निर्णय भइनसकेको र सो सम्बन्धि जानकारी शनिबार गराइने क्यापिटलले जनाएको छ । गत असार १० गतेदेखि असार १४ गतेसम्म बिक्री खुला भएको उक्त आईपीओमा ४ लाख १४ हजार एक सय ८० जनाले आवेदन दिएका थिए। उनीहरुले कूल २ अर्ब ३० करोड ६५ लाख ३९ हजार रुपैयाँ बराबर अर्थात २ करोड ३० लाख ६५ हजार ३ सय ९० कित्ता सेयर माग गरेका छन् ।

जुन संस्थाले सर्वसाधारणमा माग गरेको भन्दा ५.१९ गुणा बढी हो । संस्थाले सर्वसाधारणमा ४४ लाख ४३ हजार २ सय कित्ता सेयर बिक्रीमा राखेको थियो । संस्थाले एक सय अंकित मूल्य रहेको कूल ४७ लाख ५५ हजार कित्ता सेयर बिक्री गरेको हो । जुन नेपालका माइक्रोफाइनान्स कम्पनीहरुले हालसम्म जारी गरेका आइपीओ मध्येकै ठूलो हो । जसमध्ये २ लाख ३७ हजार ८ सय कित्ता(५ प्रतिशत) साधारण सेयर सामूहिक लगानी कोषका लागि बाँडफाँड गरिएको, ७४ हजार कित्ता(०.५ प्रतिशत) साधारण सेयर कर्मचारीहरुका लागि सुरक्षित गरिएको छ भने बाँकी ४४ लाख ४३ हजार २ सय कित्ता सेयर सर्वसाधारणमा निष्कासन गरेको हो ।

## विभिन्न ५ कम्पनीको शेयर नेप्सेमा सुचिकृत



**काठमाडौं/मस-**नेपाल स्टक एक्सचेञ्ज (नेप्से) मा पाँच कम्पनीको शेयर सूचीकृत भएको छ । देव विकास बैंकले वेष्टर्न डेभलपमेण्ट बैंकलाई प्राप्ती गरेपश्चातको ५० लाख ४० हजार ६८१ दशमलव ६० कित्ता शेयर सहित सिर्जना फाइनान्स , आरएसडीसी लघुवित्त, सिन्धु विकास बैंक र सानिमामाई हाइड्रोपावरको बोनस शेयर नेप्सेमा सूचीकृत भएको हो ।

सिर्जना फाइनान्सले १५ प्रतिशत बोनस वापतको ११ लाख ५ हजार ८७६ दशमलव ८० कित्ता, आरएसडिसी लघुवित्तको ६ प्रतिशत बोनस शेयर वापतको ३ लाख ८० हजार १०७ दशमलव २० कित्ता , सिन्धु विकास बैंको ११ दशमलव ५१ प्रतिशत बोनस शेयर वापतको ५ लाख ७४ हजार २८७ दशमलव ५ कित्ता र १० प्रतिशत बोनस शेयर वापतको सानिमामाई हाइड्रोको २३ लाख २१ हजार कित्ता शेयर नेप्सेमा कारोबार योग्य भएको हो ।

यो शेयर सम्बन्धीत कम्पनीको शेयरधनीहरुले आफ्नो हितग्राही खातामा जम्मा भएपश्चात कारोबार गर्न सक्नेछन् ।

## ठाडी भन्सारमा लक्ष्यभन्दा दोब्बर राजस्व

**लहान/मस-**भन्सार कार्यालय सिरहाले चालू आर्थिक वर्ष ०७६/७७ सकिनुअगावै लक्ष्यभन्दा दोब्बर राजस्व सङ्कलन गरेको छ। लकडाउनका कारण भन्सारमा शिथिलता आए पनि ठाडी भन्सारले लक्ष्यभन्दा देब्बर राजस्व सङ्कलन गरेको हो । भन्सार कार्यालयले चालू आव २०७६/७७ सकिन केही दिन बाँकी रहँदै रु सात करोड १६ लाख ७९ हजार राजस्व सङ्कलन भएको कार्यालय प्रमुख नरेश साहले जानकारी दिए। लकडाउनमा राहत सामग्रीको आयात बढेकाले राजस्व सङ्कलन बढेको प्रमुख साहको भनाइ छ । चालू आव २०७६/७७ मा रु चार करोड ७९ लाख लक्ष्य तोकिएकामा हालसम्म उक्त राजस्व सङ्कलन भएको हो । लकडाउनमा राहत दिन भारतबाट गहुँ, चामल, आलु, प्याज, फलफूल, बेसार र तरकारीलगायतका सामग्रीको आयात बढेको थियो ।

कोरोना भाइरस सम्बन्धी सामान्य जानकारी

कोरोना भाइरसका लक्षणहरू :
- ज्वरो आउने, खोकी लाग्ने ।
- ज्वरो आएको छोटो समयमै निमोनिया हुने ।
- श्वास प्रश्वास छिटो छिटो हुने ।
- श्वास प्रश्वासमा अप्ठेरो हुने, श्वास फेर्न गाह्रो हुने ।
- ईत्यादी

कोरोना संक्रमण जोखिम ठाउँहरू :
- सिनेमा घर
- अस्पताल
- विद्यालय, कलेज
- सार्वजनिक यातायात
- सपिङ मल
- व्यस्त गल्ली
- रंगशाला
- वृद्धाश्रम
- होटल/रेष्टुरेण्ट
- भोज भत्तेर
- तरकारी तथा मासु बेच्ने ठूला स्थानहरु
- सभा/जुलुस भएका स्थान आदि ।

कोरोना भाइरसबाट बच्ने उपायहरू :
- हातको सरसफाइमा ध्यान दिनुहोस । हात सफा राख्नुहोस् । हातले मुख छोइरहने बानी हटाउनुहोस् ।
- कुनै पनि रोगको विरामी हुनुहुन्छ भने अनिवार्य माक्स लगाउनुहोस् ।
- यसबाट अन्य रोग लाग्न पाउदैन भने आफुलाई कसैगरी कोरोना भाइरसको संक्रमण भएको रहेछ भने पनि अरुमा सर्न पाउँदैन ।
- भिडभाडको ठाउँमा अत्यन्त जरुरी अवस्थमाबाहेक नजानुहोस् । जानै पर्ने अवस्थामा माक्स लगाएर मात्र जानुहोस् ।
- हाच्छ्यु गर्दा वा खोक्दा नाक मुख छोपेर मात्र गर्नुहोस् ।
- अण्डा मासुजन्य पदार्थ राम्रोसँग पकाएर मात्र खानुहोस् ।
- माथि उल्लेखित कुनै पनि लक्षणहरु देखिएमा तत्काल स्वास्थ्य केन्द्र गएर स्वास्थ्य परीक्षण गराउनुहोस् ।
- कोरोना भाइरसबाट संक्रमित व्यक्तिको नजिक नजानुहोस् ।
- संक्रमण भएको पत्ता लागेमा वा शंका भएमा तत्काल स्वास्थ्य केन्द्र गएर स्वास्थ्य परीक्षण गराउनुहोस् ।
- जो कोहिसँग भेट्दा वा छुट्टिदा अंकमाल वा हात मिलाउने नगर्नुहोस् ।

काम नपरेसम्म यस्ता ठाउँमा जाने नगरौं, जानु परेमा माक्स, ह्याण्ड सेनिटाइजर आदिको प्रयोग गरौं । घरमा फर्के पछि घर बाहिर वा अलग कोठामा कपडा फेरेर तथा साबुन पानीले हात धोएर भान्छा/बैठक कोठामा जाने गरौं ।

उपचार छैन, रोकथाम सम्भव छ ।

मो. सकिल अख्तर
नगर प्रमुख

वैज ठाकुर
नि. प्रमुख प्रशासकीय अधिकृत

राजपुर नगरपालिका
सिमराभवानीपुर, रौतहट

कोरोना भाइरस सम्बन्धी सामान्य जानकारी

कोरोना भाइरसका लक्षणहरू :
- ज्वरो आउने, खोकी लाग्ने ।
- ज्वरो आएको छोटो समयमै निमोनिया हुने ।
- श्वास प्रश्वास छिटो छिटो हुने ।
- श्वास प्रश्वासमा अप्ठेरो हुने, श्वास फेर्न गाह्रो हुने ।
- ईत्यादी

कोरोना संक्रमण, जोखिम ठाउँहरू :
- सिनेमा घर
- अस्पताल
- विद्यालय, कलेज
- सार्वजनिक यातायात
- सपिङ मल
- व्यस्त गल्लि
- रंगशाला
- वृद्धाआश्रम
- होटल/रेष्टुरेण्ट
- भोज भत्तेर
- तरकारी तथा मासु बेच्ने ठूला स्थानहरु
- सभा/जुलुस भएका स्थान आदि ।

कोरोना भाइरसबाट बच्ने उपायहरू :
- हातको सरसफाइमा ध्यान दिनुहोस । हात सफा राख्नुहोस् । हातले मुख छोइरहने बानी हटाउनुहोस् ।
- कुनै पनि रोगको विरामी हुनुहुन्छ भने अनिवार्य माक्स लगाउनुहोस् ।
- यसबाट अन्य रोग लाग्न पाउदैन भने आफुलाई कसैगरी कोरोना भाइरसको संक्रमण भएको रहेछ भने पनि अरुमा सर्न पाउँदैन ।
- भिडभाडको ठाउँमा अत्यन्त जरुरी अवस्थमाबाहेक नजानुहोस् । जानै पर्ने अवस्थामा माक्स लगाएर मात्र जानुहोस् ।
- हाच्छ्यूँ गर्दा वा खोक्दा नाक मुख छोपेर मात्र गर्नुहोस् ।
- अण्डा मासुजन्य पदार्थ राम्रोसँग पकाएर मात्र खानुहोस् ।
- माथि उल्लेखित कुनै पनि लक्षणहरु देखिएमा तत्काल स्वास्थ्य केन्द्र गएर स्वास्थ्य परीक्षण गराउनुहोस् ।
- कोरोना भाइरसबाट संक्रमित व्यक्तिको नजिक नजानुहोस् ।
- संक्रमण भएको पत्ता लागेमा वा शंका भएमा तत्काल स्वास्थ्य केन्द्र गएर स्वास्थ्य परीक्षण गराउनुहोस् ।
- जो कोहिसँग भेट्दा वा छुट्टिदा अंकमाल वा हात मिलाउने नगर्नुहोस् ।

काम नपरेसम्म यस्ता ठाउँमा जाने नगरौं, जानु परेमा माक्स, ह्याण्ड सेनिटाइजर आदिको प्रयोग गरौं । घरमा फर्के पछि घर बाहिर वा अलग कोठामा कपडा फेरेर तथा साबुन पानीले हात धोएर भान्छा/बैठक कोठामा जाने गरौं ।

उपचार छैन, रोकथाम सम्भव छ ।

रीना कुमारी साह
नगर प्रमुख

सिकिन्द्र साह
प्रमुख प्रशासकीय अधिकृत

मौलापुर नगरपालिका
सिमराभवानीपुर, रौतहट

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**